प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी भक्तपुरको

## वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारीस भएका परीक्षार्थीहरु भर्ना हुन नगइ रिक्त रहन आएको छात्रवृत्ति सिटमा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरु मध्येबाट छनौट गर्न निवेदन माग गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना ।

(प्रकाशित मितिः २०७४।०८।०५)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयद्वारा शैक्षिक सत्र २०७४।०७५ को वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा छनौट भएका परीक्षार्थीहरु तोकिएको म्याद भित्र भर्ना हुन नगएका परीक्षार्थीहरुको शिक्षण संस्थाबाट प्राप्त रिक्त सिटहरुको विवरण अनुसार विभिन्न शैक्षिक कार्यक्रममा रिक्त कोटामा परिक्षार्थीहरु बढी से बढी लाभान्वित भई कोटा सदुपयोग होस् भन्ने अभिप्रायले सिफारिश गर्नुपर्ने हुंदा मिति २०७४।०४।३० गते प्रकाशित शैक्षिक कार्यक्रमको प्रवेश परीक्षाको उत्तिर्ण सूची (Pass List) मा रहेका परीक्षार्थीहरु मध्ये पहिलो प्राथमिकता सोही वर्गको र सो वर्गको निवेदन पर्न नआएमा अन्य वर्गका मध्येबाट प्राथमिकताक्रम र योग्यताक्रमको आधारमा छनौट गरी बर्गिकृत छात्रवृत्तिमा सिफारीस गर्नुपर्ने भएकोले सो उत्तिर्ण सूचीमा रहेका इच्छुक परीक्षार्थीहरुले मिति २०७४।०७।०७ गते र २०७४।०७।१४ गते प्रकाशित सूचना बमोजिम दर्ता गरेका निवेदनहरुलाई कायमै राखी यो सूचना प्रकाशित भएको मितिले पुनः ३ (तीन) दिन (मिति २०७४।०८।०७ गते) भित्र रिक्त कोटा तथा कार्यक्रमहरुमा तपसिलमा उल्लेखित कार्यालयहरुमा प्रवेशपत्रको फोटोकपी, प्राप्तांक सिट, परिक्षार्थीको पुर्ण विवरण सहित निवेदन दिनु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस अघि बर्गिकृत छात्रबृत्तिमा छनौट भई सिफारिश भएका परिक्षार्थीहरुलाई यसमा समावेश गरिने छैन ।

**निवेदन दर्ता गराउने स्थानहरुः**

क. परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर ।
ख. पूर्वक्षेत्र क्षेत्रीय कार्यालय, इटहरी, सुनसरी (फोन ०२५-५८७०१९)
ग. मध्यक्षेत्र क्षेत्रीय कार्यालय, भरतपुर, चितवन (फोन ०५६-५३०६२२)
घ. पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय, कोहलपुर, बाँके (फोन ०८१-५४१८३०)

**परीक्षा नियन्त्रक**
फोन न. ०१-६६३०३४२